# अध्याय -७

# नक्कली र जाली धर्मगुरुहरूदेखि होशियार!

### नक्कली र सक्कली धर्मगुरु छुट्याउने जाँच वा मापदण्ड

**व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित बिहानको मिरमिरे उज्यालो पनि छैन।" (अर्थात तिनीहरूसँग मानिसलाई सक्कली जीवनदिने आत्मज्ञान छैन) यशैया ८:२०।** यस संसारमा धेरै कथित धर्मगुरुहरू चाहे इसाई नै कि नहून् छन्। तिनीहरूका झुटा र मानिसलाई फसाउने शिक्षा, दर्शन वा वादहरूबाट सतर्क हुन परमेश्वरले आफ्ना जनहरूलाई चेतावनी दिनुभएको छ। ती झुठा तथा मनवहलाउने धर्मगुरुहरु अन्धकारका आत्मा वा शक्तिहरूसँग मिलेर चमत्कार कामहरू नै गरेर मानिसहरूलाई फसाउँछन् र सृष्टिकर्ता परमेश्वरबाट अलग राख्न खोज्छन्। त्यसबाट सुरक्षित हुन परमेश्वरका जनहरूलाई बाइबलतिरमा नै ध्यान दिन निर्देशित गरिएको छ। चाहे इसाईहरू नै किन नहोस्, सैतानले अनेकौं संयन्त्रहरू अपनाएर बाइबलको ज्ञानमा नभिज्न तिनीहरूले प्रयास गरिरहेका हुन्छन्। बाइबल र बाइबलले मात्र सैतानका चालबाजीहरूको भन्डाफोर गर्दछ। जब परमेश्वरको काममा अगाडि बढाउन पुनर्जागरणको भेला हुन्छ तब यस संसारको दुष्ट शासक अत्यन्तै सक्रिय हुन्छ। ख्रीष्ट र उहाँका भक्तहरूसँग अन्तिम युद्ध उसले सबै प्रयासहरू द्रुतगतिमा जारी गरिरहेको छ। परमेश्वरबाट अलग राख्ने सैतानको अन्तिम चलखेल हामीमाथि परिरहेको छ। ख्रीष्ट विरोधी तत्त्वहरू येशूकै नाउँमा अनेकौं चमत्कारीय कामहरू हाम्रै आँखाको अगाडि चम्काइरहेको छ। सत्यको नकल गर्ने तत्त्वहरूको विगिविगी यस्तो हुन्छ कि सर्वसाधारण इसाईहरूले के सक्कली वा के नक्कली हो त्यो छुट्याउन असम्भव भइरहेको हुन्छ। तर सबै थोक पवित्र धर्मशास्त्रले जाँचे मात्र वा धर्मशास्त्रको ज्ञानले मात्र ती सबै कामहरू येशूको शक्तिद्वारा हो कि सैतानको शक्तिद्वारा भनेर छुट्याउन सकिन्छ। तिनीहरूको गवाही, क्रियाकलाप, मिजास, वचन र प्रत्येक चमत्कार वा आश्चर्य धर्मशास्त्र बाइबलको मापदण्ड अनुसार नै जाँचेर वा जोखेर पत्ता लगाउनुपर्दछ।– *द ग्रेट कन्त्रोभर्सी,* ५९३।

## अचम्म, आश्चर्य, चकित र चमत्कारीय कामले मात्र सक्कली क्रियालापहरू हुन् भनेर किन प्रमाणित गर्दैन?

**चमत्कारीय** वा अचम्मको काम गरेर देखाउनु नै विश्वासलाई जाँच्ने आधार हो भनेर कसैले ठम्याउनु हुँदैन। सैतानले पनि अनेकौं धोखापूर्ण जाल गरेर चमत्कार वा आश्चर्य कामहरू गर्न सक्छ। परमेश्वरको ज्ञानमा नभिज्ने मानिसले उसका भ्रम फैलाउने चर्तिकलाहरू सत्य वा सकल भएको महसुस गरेको हुन्छ।– *सेलेक्टेड मेसेजेज,* २:५२।

हाम्रो प्रत्येक कदमको क्षणमा दुष्ट स्वर्गदूतहरूको चलखेल भइरहेको हुन्छ। तिनीहरूले नयाँ ठाउँमा गएर अनेकौं अचम्म र चकित पार्ने आश्चर्य कामहरू हाम्रै सामु गरिरहन सक्छन्।

कतिपय इसाई वा अरू मानिसहरू ती अचम्मका कामहरू परमेश्वरबाट नै आएको हो भनेर विश्वास गर्न फस्दछन्। हाम्रै आँखाको अगाडि बिरामीहरू निको भएको देख्न सक्ने हुन्छौं। हाम्रै आँखाको अगाडि अचम्म र चकित पार्ने कामहरू गरेर देखाउनेछन्। सैतानले हामीलाई फसाउने अनेकौं जाली र झुठा अचम्मका कामहरू जोडदार प्रकट गर्दा त्यसको सामना गर्न के हामी तयार छौं त? धेरै मानिसहरू उसका जालमा सजिलैसँग फसिरहेका हुन्छन्। परमेश्वरका सरल नीति वचन र दश आज्ञाहरूबाट पन्छेर बस्ने मानिसहरू मनबहलाउने अनेकौं काल्पनिक कथा तथा दन्त्यकथाहरू पढेर सैतानका झुठा चकित पार्ने कामहरूका निम्ति दिमागलाई तयार पारिरहेका हुन्छन्। सैतानसँग प्रतिस्पर्धामा संलघ्न हुन हामी सबै शस्त्रास्त्रहरूसँग भिड्न खोज्नुपर्दछ। परमेश्वरको वचन प्रार्थनापूर्वक अध्ययन गर्नुपर्छ र त्यसलाई व्यवहारमा उतार्नुपर्दछ। यही मात्र हाम्रा निम्ति निम्ति सैतानको शक्तिसँग भिड्ने सुरक्षा कवच हो। परमेश्वरका वचनलाई आत्मसात गरेर ख्रीष्टको रगतको शक्तिले हामी विजयी जीवन बिताउन सक्छौं।– *टेस्टिमोनिज फर द चर्च* १:३०२।

## बिरामीलाई सैतानले पनि निको पार्न सक्छ

भविष्यमा हामी धेरै चनाखो र होशियार हुनुपर्छ भनेर सजग गराउन मलाई निर्देशन दिइएको छ। परमेश्वरका जनहरूका बिचमा कोही पनि आत्मिक मूर्ख वा वेवकूफ हुनु आवश्यक छैन। मानव प्राणीका दिमागहरूलाई नियन्त्रण गर्न दुष्ट आत्माहरूले सक्रिय रूपमा संलघ्न भइरहेका छन्।

मानिसहरू खराब तत्त्वहरूका पोकाहरूलाई बोकिरहेकाछन्। तिनीहरू अन्तिम दिनमा आगोमा फ्याँकिन तयार भइरहेकाछन्। जो मानिसहरू येशूलाई बेवास्ता गर्छन् तिनीहरू यस संसारमा बाढी जस्ता आइरहेका अनेकौं व्यर्थका रमझम, ज्ञानविज्ञान, वाद, दर्शन र मानिसहरूलाई भुलाउने गतिविधिहरूका जालमा पर्दछन्। येशूभक्तहरू गम्भीर र सावधान हुनुपर्दछ। तिनीहरूले शत्रु सैतानसँग कठोर भएर मुकाबिला गर्नुपर्छ। सैतान गर्जिने सिँह जस्तो गर्जिरहेको छ। कसलाई निलुँ भनेर उसले आफ्नो मुख खोलिरहेको छ। सैतान र उसका दुष्ट मतियारहरूको प्रभावमा मानिसहरूले अनेकौं आश्चर्य र चकित पार्ने अचम्मका कामहरू गर्नेछन्।

सैतानको धोखामा हामी पर्नु आवश्यक छैन। सैतानसँग सम्बधित अचम्मका दृश्यहरू छिटै देखा पर्नेछ। सैतानले सबैलाई चकित पार्ने आश्चर्य कामहरू गर्नेछ भनेर परमेश्वरको वचनले बताउँछ। उसले मानिसहरूलाई बिरामी पार्नेछ र अचानक उसकै शक्तिले तिनीहरूलाई निको पार्नेछ। सैतानले नै निको पार्‍यो भनेर मानिसहरूलाई विश्वास दिलाउनेछ। यस खालका निको पार्ने कामका चर्तिकलाहरूले सेभेन्थे-एडभेन्टिस्ट येशूभक्तहरूको निम्ति परीक्षाको घडी हुनेछ। कतिपय सेभेन्थ-डे एडभेन्टिस्टहरूमा महान् आत्मज्ञानको ज्योतिले सजिएतापनि यदि तिनीहरू त्यस ज्ञानमा हिँडिरहेको छैन भने तिनीहरू पनि धोखामा पर्नेछन् किनकि तिनीहरू येशूसँग एक भएका छैनन्।– *सेलेक्टेड मेसेजेज,* २:५३।

यदि अलौकिक क्रियाकलापहरूले कसैलाई निको पार्छ तर परमेश्वरको आज्ञा वा वचनलाई पालन गर्न नैतिक प्रतिबद्धता छैन र ती आज्ञाहरूलाई उलंघन गरिनै रहन्छ भने ती अलौकिक क्रियाकलाप परमेश्वरबाट होइन। सैतानले व्यापक रूपमा आश्चर्य कामहरू गर्न सक्छ। सैतान अनेकौं चकित पार्ने कामहरू गर्ने धोखेबाज हो। परमेश्वरले निर्धारण गर्नुभएका नैतिक आचरणलाई सैतानले नै तोडेको छ। सदाचारबाट अलग राख्न सैतानले मानिसहरूलाई अन्धा बनाउँछ। इसाई हुँ भनेर दावी गरेतापनि परमेश्वरका नीतिहरू अनुसार चल्नु आवश्यक छैन भनेर सिकाउन खप्पिस भएको सैतान आफ्नो सक्कली चरित्रलाई उसकै क्रियाकलापले उघारिरहेको हुन्छ। अन्तिम युगमा सैतानले अनेकौं चिन्ह देखाएर, चकित कामहरू गरेर, मानिसलाई फसाउन झुठा अचम्मका कामहरू गर्नेछ भनेर हामीलाई सजग गराइएको छ। यस संसारका मानिसहरूलाई आफ्नो जीवन परिवर्तन गरी

असल मार्ग वा सत्य आचरणमा चल्न परमेश्वरले समय दिइरहनुभएको छ। त्यसबाट विचलित पार्न सैतानले अन्तिम समयसम्म प्रयास गरिरहनेछ। उसले आफ्नै धोखापूर्ण क्रियाकलापहरूले आफू भगवान वा ज्योतिको स्वर्गदूत हो तर अन्धकारको होइन भनेर अनेकौं प्रमाणहरूद्वारा नै मानिसहरूलाई फसाउने छ र फसाइरहेको छ।- *सेलेक्टेड मेसेजेज,* २:५०,५१।

## सन् १८६४मा अमेरिकाम अन्य भाषाहरू बोलेको भनेर भ्रममा पार्नेहरूको पहिचान

साबथलाई नै पालन गर्ने केही सेभेन्थ-डे इसाईहरूमा कट्टरवादी वा धार्मिक अतिवादी भएको पाइएको छ। तिनीहरूले सत्यको मुहानलाई पिए पनि सो हल्का रूपमा पिएका थिए। तिनीहरूले तीन स्वर्गदूतका सन्देशहरूलाई बेवास्ता गरेका थिए।

तिनीहरूलाई आत्मिक वरदान पाएर प्रभुले नै चर्चमा हुल्नु भएको थियो भनेर दावी गरेका थिए र तिनीहरूले दावी गरेका वरदानहरूलाई प्रकट गरिरहेका थिए। कसैले नबुझ्ने भाषा बोलेर तिनीहरू भटभट्याउँथे। त्यसलाई अन्य भाषा बोल्ने वरदान पाएको भने अर्थहीन दावी गरेका थिए। तिनीहरूले उच्चारण गर्ने अस्पष्ट र बकवास उच्चारण अरू मानिसले मात्र होइन परमेश्वर र स्वर्गका दूतहरूलाई समेत थाहा छैन। महान् धोखा दिने धोखेबाजको सहयोगले नै मानिसहरूले यस किसिमका परमेश्वरबाट विचलित तुल्याउने वरदानहरू सृजना गरेका हुन्छन्। धर्मको नाउँमा कट्टर वा अतिवादी हुने प्रवृत्ति, कथित उत्तेजना वा जोश, कसैले नबुझ्ने गरेर बरबराउने बोली र हल्लीखल्ली गरेर मानिसहरूलाई आकर्षित गर्ने चर्तिकलालाई कतिपयले परमेश्वरका वरदानहरू हुन् र तिनीहरूलाई चर्चमा उहाँले नै राख्नुभएको हो भनेर दावी गर्छन्। यस मामिलामा कतिपय सेभेन्थ-डे एडभेन्टिस्टहरू धोखामा परेका छन्।

जोशले उत्तेजित भएर कराउने, चिच्याउने र कट्टर वा हठधार्मिकता नै विश्वास वा आस्थाको प्रमाण हो भनेर कतिपयले सोच्दछन्। रमाइलो, रमझम गरेर र उत्तेजित भएर परमेश्वरको आराधना गरिएन भने तिनीहरू सन्तुष्ट हुँदैनन्। तिनीहरू भावनामा उत्तेजित भएर चल्न चाहन्छन्।

तर धर्मको नाउँमा उत्तेजना भएर आराधना गर्ने बानीहरू फाइदाजनक छैन। जब खुशी हुने वा उत्तेजना हुने भावना बिलाउँछ तब तिनीहरू पहिलेको

भन्दा निराशमा डुब्न थाल्छन्। तिनीहरूको खुशी र आनन्द ठिक स्रोतबाट आएको हुँदैन। जब कोही व्यक्ति गम्भीर भएर परमेश्वरलाई खोज्छ, हृदयदेखि नै खोज्छ, आफूले आफैँलाई चिन्न खोज्छ र नम्र भएर बाइबलमा तल्लीन भएर येशूबाट सिक्न प्रयास गरिरहँदा नै आत्मिक प्रगतिको ठुलो प्रभाव भइरहेको हुन्छ। यसरी येशू र उहाँको वचनलाई केन्द्रविन्दु बनाउँदै गरेका आराधना भेलाहरू धेरै फाइदाजनक हुन्छ।

कतिपय सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर, अगुवाहरू चर्चको मूल धारबाट बाहिर गएर साबथमा नै एक चर्चबाट अर्को चर्चमा गएर प्रवचन दिइरहेका छन्। तिनीहरू सत्यलाई गलत शिक्षासँग मिसाइरहेका हुन्छन्। जनमानसमा नै तिनीहरूका भ्रामक शिक्षा फैलाएर अनमेल र विवाद फैलाइरहेका छन्। तिनीहरूको बौद्धिक स्तर सही बाटोमा नलगाई र समझदार विश्वासीहरू नबनाउन सैतानले नै तिनीहरूलाई धकेलिरहेको छ। आफूहरूसँग विशेष वरदानहरू छन् भनेर मानिसहरूका अगाडि देखाइरहेका छन्। तिनीहरू जङ्गली पाराले उत्तेजित भएर कसैले नबुझ्ने भाषामा बरबराउँछन्। तिनीहरूले अन्य भाषा बोल्ने वरदान पाएका छन् भनेर दावी गर्छन्। तिनीहरूका चर्तिकलाहरूमा कतिपय मानिसहरू आकर्षित भएको पाइन्छ। ती मानिसहरूलाई अनौठो आत्माले नियन्त्रणमा राखिरहेको हुन्छ। तिनीहरूलाई कसैले सच्याउन खोजे तिनीहरू आक्रमक हुन्छन्। यसमा परमश्वरको अन्तर्यामी पवित्र आत्माले काम गरररहेको हुँदैन। तिनीहरूमा अर्कै आत्मा छ जुन पवित्र आत्माको विरोधी हो।– *टेस्टिमोनिज फर द चर्च* १:४११-४१४।

अन्यभाषा बोलेर, उत्तेजित भएर अनेकौं चकित पार्ने अलौकिक काम गरेर संसार येशूतिर फर्किंदैन, तर क्रूसमा चढ्नुभएको येशूको प्रचारले मात्र तिनीहरूको नजर उहाँमा राख्न सकिन्छ।– *टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गसपल वर्कर्स,* ४२४।

### तबला, ड्रम, नाच र हल्लीखल्ली वा उच्च स्वरले चिच्याउने

तपाईंले मलाई (अमेरिकाकै) इन्डियाना राज्यको चर्चमा भइरहेका गतिविधिका बारेमा खबर गर्नुभएको थियो। यस्तो गतिविधि युगको अन्त्यको ठिक अघि हुनेछ भनेर प्रभुले मलाई देखाउनुभएको थियो। **चर्चको भेलामा** धेरै छाडा गतिविधिले लोकप्रियता पाउनेछ। ठुलो ठुलो स्वरले गाउने, चिच्याउने, उत्तेजित हुने र ठुलो स्वरले ड्रम वा बाजागाजा बजाएर, नाचगान आदि छाडा

गतिविधिले मानिसहरूलाई चर्चको भेलामा आकर्षित गर्नेछन्। दिमागलाई उत्तेजित गर्ने अनेकौं हल्लाले मानिसको सोच्ने क्षमतालाई माथ गर्दछ र उसलाई के ठिक के बेठिक सो सोच्न अन्यौलमा पार्दछ। आफूले गर्नुपर्ने निर्णयमा उसले भरोसा राख्न असमर्थ हुन जान्छ। अनि लोकप्रिय इसाईहरूले यो त पवित्र आत्माको चल हो भनेर ठान्दछन्।

दिमागलाई भद्रगोल पारेर कोलाहल तरिकाले पवित्र आत्मा कहिल्यै पनि चल्नु हुन्न। मानिसलाई उत्तेजित पार्ने गरेर पवित्र आत्माले आफूलाई प्रकट गर्नुहुन्न। यो त सैतानको आविष्कार हो। आराधनाकै समयमा यस्तो हल्लीखल्ली मच्चाएर मानिसहरूलाई भावनात्मक असन्तुलन ल्याएर शुद्ध, इमान्दारी, आत्मिक स्थितिमा उचलिने, आदर्शमय बनाउने र पवित्र पार्ने सत्यलाई छोप्ने योजना सैतानको हो। कोलाहलले मानिसको सोच्ने शक्तिलाई धक्का पार्दछ र उसको चरित्र तथा मिजास र भावनाहरूलाई भ्रष्ट पार्दछ। यदि शान्त र परमेश्वर तर्फ खिचिने तरिका अपनाएर आराधना गरे आराधकहरू प्रेरित हुँदै आशिषको अनुभव गर्न सक्ने हुन्छन्। हल्लाखल्ला र भावनात्मक उत्तेजित पारेर मानिसहरूलाई हल्लाउने स्थितिलाई पवित्र आत्माको चलखेल हो भनेर इसाईहरू नै विश्वास गरेतापनि यो सैतानका मतियारहरूको शक्तिसँग मिसिएर चलखेल गरिरहेको पाइन्छ।

मानिसका इन्द्रिय वा शारीरिक, चेतना र भावनाहरूलाई हल्लाउने यस किसिमको आराधना वा उपासनाले उसलाई शान्तमय परमेश्वरबाट अलग हुन अगुवाइ गर्दछ। ती गतिविधिहरूलाई पुनर्जागरण वा आत्मिक जागरण भनेर विश्वास गरेतापनि ती मानिसहरूले विगतका समयमा सिकेका बाइबलका नीतिहरूलाई ठम्याउन असमर्थ बनाउँछ।

## उत्तेजित भएर शरीरलाई नियन्त्रणमा राख्न नसकिने स्थिति

चर्चको वा आराधना कार्यक्रममा त्यस खालका गतिविधिहरूलाई प्रोत्साहन वा समर्थन गर्न दिनुहुन्न। सन १८४४को समय बित्दै गर्दा येशूको आगमन हुन्छ भनेर उत्तेजित भएर पर्खिरहेका इसाईहरूमा त्यही खालका स्थितिहरूले प्रभावित पारेको थियो। पवित्र आत्मा आउनुभएको थियो भनेर मानिसहरूलाई हल्लाउने र उत्तेजित पार्ने क्रियाकलापहरू त्यस समयमा भएको थियो। मानिसहरू जोशले उत्तेजित भएका थिए र यो त परमेश्वरको शक्तिले काम गरिरहनुभएको थियो भनेर ठानेका थिए। तिनीहरू भुइँमा लड्दै

शरीरहरूलाई लछारपछार गर्दै चिच्याएका थिए। यो त अलौकिक शक्तिले बाहेक अरू कसैले गर्न सक्दैन भनेर विश्वास गरेका थिए। कतिपयले त मरेकाहरू पनि बौरी उठेर स्वर्गमा लगिएको थियो भनेर पनि विश्वास गरेका थिए। यो धर्महठी, कट्टरपन्थ र विनाज्ञानको जोश हो जसले गर्दा बाइबलको सुन्दर नीतिका सत्यहरूलाई ओझेलमा पारेका थिए।

### नग्नता

पवित्र आत्माको अगुवाइमा चलेको भन्दै पुरुष र स्त्रीहरू आफूहरूलाई निर्वस्त्र पारेर भेला भएका थिए। तिनीहरूले पवित्र शरीर भनेर चर्चा गरेका थिए। तिनीहरू सहवास वा लसपस गर्ने लालसाभन्दा अपार भएका छन् भनेर ठानेका थिए। तिनीहरूले गीत गाए, चिच्याए र हल्लीखल्ली गरेर तिनीहरू उफ्रेका थिए। तिनीहरू खराब मानिसहरू त थिएनन्, तर तिनीहरू सैतानको पकडमा थिए। तिनीहरू धोखा र छलमा परेका थिए। सैतानले तिनीहरूलाई उसको इच्छामा ढालिरहेको थियो। त्यसको फलस्वरूप तिनीहरू पाशविक भएका थिए र कामुक भएर भौतिक लम्पटमा जाकिएका थिए। परमेश्वरको कामको अपमान भएको थियो। इसाई भनाउँदाहरूले नै उहाँको बेइज्जत गरिरहेका थिए। मानव क्रियाकलाप सत्य र पवित्र सत्यलाई धुलोमा मिसाइएको थियो।

ती अनैतिक, उच्छृंखल र अस्वस्थ गतिविधिलाई रोक्न सरकारले हस्तक्षेप गर्नुपरेको थियो। धेरै अगुवाहरूलाई झ्यालखानामा थुनेका थिए। जो झ्यालखानामा परेका थिए, तिनीहरूले आफूहरूलाई धार्मिक वा सत्यको कारणले सताइएको भनेर विगुल फुकेका थिए। सत्यलाई मानिसको भ्रष्ट र अनैतिक दाग भएका वस्त्रहरूले छोपिएको थियो। चर्चैमै येशू र पवित्र आत्माको नाउँमा यस्तो भ्रष्ट गतिविधिको निन्दा गर्न प्रभुले मलाई प्रस्तुत गर्नुभएको थियो। त्यस किसिमको गतिविधिले समाजको अगाडि सत्यको बेइज्जत भएको थियो र इसाई हुँ भनेर दावी गर्नेहरू प्रति समाज वाक्क भएको थियो।

यस खालको धार्मिक अतिवादी अभियान र हल्लाखल्ला गरेर पवित्र आत्मा र येशूको नाउँमा मानिसहरूलाई उत्तेजित पार्ने काम सैतानकै दुष्ट आत्माले प्रेरित भएको थियो भनेर म ठोकुवा गरेर भन्न सक्छु। ती गतिविधिहरूले स्वर्गको राज्यमा पस्न योग्य भएका मानिसहरूलाई सकेसम्म

धोखा दिन सैतानले अनेकौं अलौकिक कामहरू गरेका थिए र गरिनै रहनेछ।–लेटर १३२,१९०० (सेलेक्टेड मेसेजेज, २:३६,३७को भागबाट)।

**भ्रम**

हामीले हाम्रो आत्मिक वा आध्यात्मिक जीवनलाई सुरक्षित राख्ने प्रयास जारी राख्नुपर्दछ। प्रभु येशूसँग टाँसिएर चल्नु अनिवार्य छ। सैतानका संयन्त्रहरूको धोखामा हामी पर्नु आवश्यक छैन। हामीले गर्ने आराधना सुव्यवस्थित र अनुशासित ढङ्गले चलोस् भन्ने प्रभुको चाहना हो। उत्तेजित, आवेश र भ्रममा पार्ने गरी उहाँको उपासना गरून् भन्ने उहाँको इच्छा कदापि होइन।"-*सेलेक्टेड मेसेजेज,* २:३५।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा र चर्चका कार्यक्रमहरू उत्तेजित भएर, आवेशमा आएर, हल्ला गरेर, रुँदै कराउँदै जङ्गली पाराले गरेका कार्यक्रमहरूले परमेश्वरको आत्माले काम गरिरहनुभएको छ भनेर प्रमाणित गर्दैन।"-*द रिभ्यु एण्ड हेराल्ड,* मार्च ५,१८८९।

## व्यवस्थित र अनुशासित तवरले परमेश्वरको उपासना गर्नुपर्छ तर आवेश र उत्तेजित भावनाहरूमा होइन

यस संसारमा धेरै मानिसहरू छन् जो बेचैन छन् र अनुशासनमा चल्न चाहँदैनन्। तिनीहरू व्यवस्थित ढङ्ग वा नियमपूर्वक तरिकाले चल्न चाहँदैनन्। आफ्नो आत्मनिर्णय गर्न नपाए र अरूहरूको अनुभव र ज्ञान वा अगुवाइमा चल्नुपरे तिनीहरूको स्वतन्त्रता हनन हुन्छ भनेर तिनीहरूले सोच्दछन्। परमेश्वरको काम नियमित र व्यवस्थित रूपमा चल्न कोही समर्पित भएन भने उहाँको काममा प्रगति हुँदैन। लथालिङ्ग र अतिवादी प्रवृत्तिले चलाएको कार्यक्रम गतिशील हुँदैन।

भावनाहरू र आफूले रोजेको प्रभावमा आधारित कोही मानिस चल्छ भने त्यो व्यक्ति परमेश्वरले अगुवाइ गरिरहेको छ भनेर प्रमाणित गर्दैन। सैतानले थाहा नै नदिइकन मानिसहरूलाई तिनीहरूको आत्मिक जीवन भावना र प्रभावमा चलाउन खोज्दछ। मनको भावना सुरक्षित मार्गनिर्देशक हुँदैन। सबै सेभेन्थ-डे एडभेन्टिस्टहरू एडभेन्टिस्ट शिक्षामा शिक्षित हुनु जरुरी छ। परमेश्वरका महिमाको निम्त फल फलाउन र तिनीहरू येशूभक्त हुन् भनेर

गरेको दावीलाई पुष्टि गर्न गहिरो अध्ययन गरेर आस्था तथा विश्वासलाई हृदयमा सजाइ राख्नुपर्दछ।– *टेस्टिमोनिज फर द चर्च,* १:४१३।

## सैतानकै अधीनमा रहेका दासहरू

युवायुवतीहरूलाई ढलाउन र जीवनबाट विचलित पार्न सैतानले हरतरहबाट प्रयास गरिरहेको। यदि कोही अलिकति चिप्लिएर मात्र उसको बाटोमा कोही पर्छ भने त्यसलाई तल झार्न ऊ हतार मानिरहेको हुन्छ। उसले तिनीहरूको दिमागलाई एक एक गरेर भ्रष्ट पारिरहेको हुन्छ। तिनीहरूको कोमल विवेक र चेतनालाई उसले सिथिल र अन्धकार बनाइरहेको हुन्छ। त्यसको फलस्वरूप तिनीहरूले परमेश्वर प्रति आस्था, प्रेम र भयलाई धरासयी बनाइरहेको हुन्छ। तिनीहरूले परमेश्वरमाथि गर्नुपर्ने विश्वास आवश्यक नभएको निर्णय गर्न पुगेका हुन्छन्। अनुशासित जीवन बिताउन नचाहँदा तिनीहरू आत्म-सँयम वा आफूले आफैलाई वशमा राख्न नसिकने हुन्छन्। तिनीहरू रक्सी, धुम्रपान, गाँजा, लागु पदार्थ आदिको दुर्व्यसनमा लठ्ठ हुन जान्छन्। तिनीहरू एक विकृतिबाट अर्को विकृतिमा झर्न थाल्छन्। तिनीहरू स्वादका दासहरू हुन्छन् अर्थात् तिनीहरूले स्वादलाई नियन्त्रण गर्नुको सट्टा तिनीहरूलाई स्वादले नियन्त्रण गरिरहेको हुन्छ। एक फेरा तिनीहरूले मानेका वा आदर गरेका सरसल्लाहरू तिनीहरूले बेवास्ता गर्न थाल्छन् र नराम्रो मान्न थाल्छन्। तिनीहरू अभिमानी भएर दादागिरी गर्न थाल्छन्। तिनीहरू स्वार्थपना, निच भोक वा शरीरलाई बिगार्ने खाना र लम्पटपना, पतित नैतिक आचरणका दासहरू भएतापनि तिनीहरू स्वतन्त्र छन् भनेर आत्मगौरव गर्छन्।-*टेम्परेन्स,* २७४।

## लागु पदार्थको दुर्व्यसनीबाट प्रेरित

केही समय एकजना (एडभेन्टिस्ट बाट्टल क्रिक सानेटोरियम वा अस्पतालको बिरामी) नयाँ आत्मज्ञानको ज्योति पाइरहेको थियो भनेर सोचेको थियो। ऊ धेरै बिरामी थियो। ऊ मर्नै लागेको थियो। उसको दिमाग खलबलिन पुगेको थियो। भ्रममा परेको उसको सोचलाई मानिसहरूले सुन्दा अरूहरूले सुन्दा ऊ आत्मज्ञानले प्रेरित भएको ठानेका थिए। उसका तर्कहरू मनासिवै देखिन्थे। उसको बिरामी कोठाबाट उसले व्यक्त गरेका बोलीहरू अत्यन्तै प्रेरणादायी थिए भनेर मानिसहरूले विश्वास गरेका थिए। उसका

अगाडि अचम्मका दृश्यहरू गइरहेको उसले दावी गरेको थियो। तर त्यो दावी र उसको बोलीको स्रोत के थियो त? उसलाई लठ्ठ पार्ने औषधी मर्फिन दिइएको थियो। दुखाइलाई राहत दिन त्यो औषधी दिइएको थियो।– *सेलेक्टेड मेसेजेज्,* २:२१३।

## सृष्टिका सबै थोक तथा प्राकृतिक सम्पदामा परमेश्वर वा भगवान हुनुहुन्छ भन्ने सर्वेश्वरवाद, तन्त्रमन्त्र र ज्योतिष र राशीफलले प्रेरित अध्यात्मवाद र धर्मकै नाउँमा बिपरित लिङ्गीहरूलाई च्यापेर हिँड्ने छाडातन्त्र

परमेश्वर सर्वव्यापी भएकोले सबै सृष्टिमा अवस्थित हुनुहुन्छ भन्ने धार्मिक शिक्षा वा दर्शन सैतानका चतुर आविष्कारहरूमध्ये एक हो। यसले परमेश्वरलाई गलत तरिकाले चित्रण गर्दछ र उहाँको महानता र राजसी मर्यादालाई अपमान गर्दछ। सर्वेश्वरवाद वा परमेश्वर वा भगवान सृष्टिका सबै संरचना र जीवहरूमा अवस्थित हुनुहुन्छ भन्ने शिक्षा उहाँको वचनसम्मत छैन। यसले मानिसको स्वाभाविक दिमाग र हृदयलाई खुशी बनाउँछ र नैतिक पतन हुन गतिछाडातिर झुक्न इजाजत दिन्छ।– *टेस्टिमोनिज फर द चर्च* ८:२९१।

सर्वेश्वरवादी वा परमेश्वर सबै प्राकृतिक वस्तु जस्तै रुख, ढुङ्गा, हावा आदिमा रहनुहुन्छ भनेर विश्वास गर्नेहरूमा कतिपय इसाई वा बाइबलमा विश्वास गर्नेहरूमा पनि पाइन्छ। यो सिद्धान्त जस्तै आकर्षित वा प्रभावकारी रूपमा प्रस्तुत गरेतापनि यो सैतानको धोखापूर्ण छली शिक्षा हो। यसले परमेश्वरलाई गलत प्रतिनिधित्व गर्दछ। उहाँको महानता र मर्यादित राजसीलाई यसले अपमान वा बेइज्जत गर्दछ। यसले मानिसलाई भ्रष्टतिर अग्रसर गराउन खोज्छ यसले मानिसलाई पतित बनाएर अन्धकारमा धकेलिदिन्छ र नैतिक पतन गरेर कामुकतामा पार्दछ। ती सिद्धान्तहरू तर्कयुक्त देखेतापनि सारा इसाई जगतलाई डुबाइ दिन्छ। मानिस पापी हो र उसको निम्ति येशूको बलिद्वारा पश्चात्तापको विधिको आवश्यक छ भन्ने धारणलाई लत्याउँदै मानिसको मुक्तिदाता, स्वामी वा भगवान मानिसनै हो भनेर सिकाउँछ। अर्थात् यसले येशूको अपरिहार्यता र लक्ष्यलाई धुलोमा फ्याँक्दछ।– *द मिनिस्त्री अभ हिलिङ्,* ४२८,४३९।

यस्ता काल्पनिक र बाइबलले अनुमोदन नगरेका दृष्टिकोणहरूले इसाईहरूलाई नै भ्रष्ट बनाएको, आध्यात्मिक जागरणका नाउँमा तन्त्रमन्त्रमा लागेका र सबैलाई प्रेम गर्नुपर्छ भन्ने निहुँमा मानिसहरूलाई कामवासनामा

फसाएको मैले देखेको छु। सुरुमा सबैले सबैलाई प्रेम गर्नुपर्छ भनेर शरीरलाई सैतानको पासोमा बेच्नेहरूलाई चाँडैस्पष्ट रूपमा चिन्न सकिँदैन। यसले वास्तविक चरित्रलाई धर्मकै खोलले छोपेको हुन्छ। प्रभुले मलाई नदेखाउञ्जेल यसका बारेमा मैले के भन्ने सो थाहा थिएन तर यो खालको प्रेम धर्मकै खोल लगाएतापनि अपवित्र छ भनेर सुनाउनुपर्छ भनेर मलाई निर्देशन दिइएको छ।– *टेस्टिमोनिज फर द चर्च,* ८,२९२।

मानिसहरूका परम्परा र विभिन्न दर्शन वा वादहरूले धर्मशास्त्र बाइबलमाथिको विश्वास ध्वस्त पार्न येशूका चेला वा प्रेरितहरूकै समयमा पनि प्रयास गरिएको थियो। यो कदम अहिले पनि जारी नै छ। मानिसको बौद्धिक स्तरलाई प्रभावित पार्ने विद्वान, दार्सनिक र चिन्तकहरूले बाइबलको उच्च आलोचना गरिरहेको पाइन्छ। विकासवाद सिद्धान्त, तन्त्रमन्त्र, बिर वा भूत जगाउने जस्ता चर्तिकलाहरू गरेर, ब्रम्हज्ञान वा बहुधर्मवाद र परमेश्वर वा भगवान सबै थोकमा पाइन्छ भनेर सिकाएर मानिसहरूलाई खुशी पार्ने शिक्षा, दर्शन वा वादले तिनीहरूलाई निषेध गरिएको बाटोमा सैतानले अगुवाइ गरिरहेका छन्। तान्त्रिक वा तन्त्रमन्त्र वा भूत जगाउने जस्ता गतिविधिहरूले तिनीहरूको चाहना सबैभन्दा उच्च आत्मिक ज्ञानमा रहन चाहेको, सबभन्दा उच्च नीतिमा रहन र स्वतन्त्र हुन इजाजत दिएको भनेर असङ्ख्य मानिसहरूलाई विश्वस्त पारिरहेका छन्। मानिस कसैप्रति होइन तर आफूप्रति मात्र जवाफदेही छ भनेर ती शिक्षाहरूले सिकाउँदछन्।– द आक्ट्स अभ आपोस्टल्स, ४७४।

## अनुपयुक्त वा अविवेकी आचरण

पवित्रीकरण भनेको मन बहलाउने खुशी हुने भावनामा जाग्ने होइन। मानिस क्षणिकमा मात्र पवित्र हुँदैन। यो त जीवनभरको प्रक्रिया हो। प्रभुले मलाई शुद्ध, सफा र पवित्र बनाउनुभएको छ भनेर कसैले दावी गर्छ भने उसले पाएको आशिषलाई उसकै गुणहरूद्वारा देखाउँछन्। नम्रता, धैर्यता, सहनशीलता, सत्यवादी, आफ्नो भाउ नखोज्ने र भातृप्रेमका गुणहरू त्यस व्यक्तिले उसको आचरण, व्यवहार र मिजासले देखाइरहनुपर्दछ।

प्रभुले कसैलाई पवित्र बनाउनुभएको छ भनेर दावी गरेर खास कुनै जोश वा भावनामा मात्र चल्छ र बाइबलमा खोजीखोजी सत्यलाई सिक्नुपर्छ ताकि उसको जीवनमा परमेश्वरको चाहना वा लघ्य थाहा पाउन आवश्यकता

छैन भनेर सिकाउँदछ भने उसले दावी गरेको अनुसार पाएको आशिष नक्कली भनेर मान्नुपर्दछ। त्यसले आफ्नै अपवित्र जीवनलाई मान्यता दिएर त्यो मानिस भावना र कल्पना वा दिवास्वपनामा चलिरहेको हुन्छ। त्यस व्यक्तिले परमेश्वरको आवाज सुन्न आफ्ना कानहरू बन्द गरिरहेको हुन्छ र बाइबल अध्ययन गर्न पनि ऊ आशक्त हुँदैन।

धार्मिक क्रियालापमा भावुक र उत्तेजित भएर चल्यो भन्दैमा मानिसको हृदयमा पवित्र आत्माले काम गरिहनुभएको छ भनेर प्रमाणित गर्दैन। पवित्र आत्मा आयो भनेर कतिपय मानिसहरू उत्तेजित भएर हलिन्छन्, शरीरलाई लछारपछार पनि गर्छन्, चिच्याएर कराउँछन्। यस किसिमको क्रियाकलापले तिनीहरूलाई तिनीहरूका दिमाग र शरीरलाई सैतानले नियन्त्रण गरिरहेको छ भनेर प्रत्यक्ष देखाउँदछ। पवित्र आत्मा खनिनेमाथि यस किसिमको शारीरिक उन्माद वा उत्तेजना जाग्छ वा जाग्नुपर्छ भनेर परमेश्वरको वचनले किटानी गर्दैन। उत्तेजित भएर शरीरलाई लछारपछार गरेर वा उफारेर जङ्गली पाराको विकृति गतिविधि इसाईहरूका बिचमा पनि काम गरिरहेको हुन्छ भनेर स्पष्ट हुन्छ।

सैतान वा दुष्ट आत्माको शक्तिले मानिसको दिमागलाई तीव्र रूपमा खलबल गराइदिन्छ वा बहुला बनाइदिन्छ। सैतानको धोखामा परेका मानिसहरूका ती अनौठा गतिविधिहरू परमेश्वरले नै चेतावनी स्वरूप ती स्थितिमा पार्नुभएको हो भनेर कतिपयले सोच्दछन्। कुनै आत्मिक क्रियालाप वा शिक्षालाई ग्रहण गर्नुभन्दा पहिला तर्क र सोचविचार गर्नुपर्छ, त्यसै आवेश वा जोशको पछि लागेर बुद्धि नपुऱ्याइ गरेको कुनै पनि चर्तिकला परमेश्वरको सामु आपत्तिजनक हुन्छ। पवित्र आत्मा आयो भन्दैमा अनौठो जोश वा आवेगमा चल्ने गतिविधिलाई परमेश्वरले दोषी ठहऱ्याउनुहुन्छ। पवित्र आत्माले भरिएको भक्त विश्वासिलो र आज्ञाकारी बालक जस्तै हुन्छ। उसको आचरण र व्यवहारले उसको धर्म वा आत्मिक जीवनलाई समझदार मानिसहरूले उसलाई सराहना गर्दछ र उसको तारिफ पनि गर्दछ।– *द साइनस् अभ टाइम्स,* फेब्रूअरी २८:१८९५।

## येशूलाई विश्वास गर्छु भनेर नाटक गर्ने वा कृतिम इसाई

इसाई हुँ भनेर दावी त गर्ने तर येशूको चाहना वा गतिविधि अनुसार नचल्ने वा आचरणले नदेखाउनेलाई येशूले नै यस्तो चेतावनी दिनुभएको छ सो सबैले ख्याल गर्नु अत्यावश्यक छः "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा

प्रवेश गर्नेछैनन्  स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ।  त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।'" (अर्थात् उहाँलाई विश्वास मात्र गरेर मुक्ति नपाइँदो रहेछ) मत्ती ७:२१-२३।

कतिपय इसाईहरूले येशूका अनुयायीहरू हौं, हामीले बप्तिस्मा पनि लिएका छौं, चर्चमा हामी सक्रिय पनि भएका छौं भनेर दावी गर्ला तर तिनीहरूमा कतिपयले तिनीहरूका स्वामी येशूतिर नजर राखिरहनेबाट विचलित भएका छन्। तिनीहरूले उहाँलाई "प्रभु, प्रभु" भनेर सम्बोधन पनि गर्ला, तिनीहरूले निको पारेका, अरू अचम्मका कामहरू तिनीहरूले गरेका र कतिलाई बप्तिस्मा दिएर चर्चमा हुलेका भनेर दावी गर्ला। परमेश्वरका दश आज्ञाहरू पालन गर्नेहरूको भन्दा आफूमा बढी पवित्र आत्मा र जोश जाँगर छ भनेर गौरव पनि गर्ला। तर येशूकै वचनबाट हामीलाई यो आभास दिन्छ कि तिनीहरू धर्मीको शत्रुको नियन्त्रणमा रहेर काम गरिरहेको देखाउँछ। सैतानको लक्ष्य नै मानिसहरूलाई धोखा दिने हो र तिनीहरूलाई आज्ञाकारी हुनबाट विचलित पार्नु हो, त्यति मात्र नभएर तिनीहरूले परमेश्वरको वचनको सत्य शिक्षा र आफूले गर्नुपर्ने काम र कर्तव्यवाट पर राख्नु हो।

परमेश्वरको वचन पालन नगर्ने वा पालन गर्न नैतिक जिम्मेवार लिएको बडे बडे धर्मगुरु, स्वामी महाराज, भगवान, देवी आदि भनेर दावी गर्नेहरूले मानिसहरूलाई धोखा दिन र परमेश्वरलाई भन्दा आफूहरूतिर खिच्ने अनेकौं अलौकिक, चकित पार्ने, आश्चर्य र चमत्कार गरेर देखाउने छन् र देखाइ पनि रहिरहेका छन्। तिनीहरू सैतानकै पञ्जामा रहेर काम गरिरहेका छन् भनेर बाइबलले यसरी स्पष्ट जिकिर गर्दछ, "मानिसका आँखाका अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठुला-ठुला चिन्हहरू पनि त्यसले गर्‍यो। पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो...।" प्रकाश १३:१३-१४।

ती सबै परमेश्वरकै प्रताप वा शक्तिले काम गरिरहेका छन् भनेर ती देखावटी र नक्कली गतिविधिलाई स्वीकार गर्ने अरू त के इसाईहरू नै

फसेको देख्दा हामी चकित भएकाछौं। तर अचम्मका कामहरूमा मात्रै भर परेर आफ्नो आस्था वा विश्वासको जग बसाल्न खोज्छन् तिनीहरू आवेग र प्रभावले अगुवाइ गरिरहेका हुन्छन्। ती मानिसहरू सजिलैसँग धोखामा पर्दछन्र परिरहेका छन्।

## म त पवित्र, चोखो र शुद्ध छु भनेर दावी गर्नेहरू

वास्तविक रूपमा म पवित्र छु, अरूभन्दा चोखो छु र शुद्ध छु भनेर दावी गर्ने कोही पनि पवित्र र शुद्ध हुँदैन। जो भक्तहरूका नाउँहरू स्वर्गका लेखाहरूमा दर्ता भएका छन् तिनीहरू शुद्ध, चोखो वा अरूभन्दा धर्मात्मा छु भनेर न त दावी गर्छन् न त ती प्रति आफू सजग नै हुन्छन्। आफू राम्रो छु वा अरूभन्दा असल छु भनेर तिनीहरूले कहिल्यै पनि फाँइफुट्टी लगाउँदैनन्। कुनै पनि अगमवक्ता र प्रेरितहरूले आफू शुद्ध र पवित्र छु भनेर दावी गरेकाछैनन्। दानिएल, पावल वा यूहन्नाले पनि ती दावी गरेका छैनन्। सच्चा येशूभक्त वा धर्मीहरूले यस्तो दावी कहिल्यै गर्दैनन्।

येशूभक्तहरू जति येशूको नजिक भएर उहाँको स्वरूपमा आफूलाई ढाल्न खोज्छन् तिनीहरू उहाँ जस्तै हुन नसकेकोले विलाप गर्छन्। तिनीहरूका विवेक संवेदनशील हुन्छ। पापलाई जसरी परमेश्वरले हेर्नुहुन्छ त्यसरी नै तिनीहरूले पनि पापलाई हेर्दछन्। परमेश्वरको बारेमा तिनीहरूको दृष्टिकोण अत्यन्तै उच्च हुन्छ। परमेश्वरले प्रेरित भएर मुक्तिको महान् योजना प्रति सजग भएर वा सराहना गरेर तिनीहरूका हृदय कोमल र नम्र बनाउँछन्। परमेश्वरको निगाहा पाउन आफू अयोग्य भएको तिनीहरूले महसुस गर्छन्। तिनीहरू अनन्त महाराजा परमेश्वरका राजकीय छोराछोरीहरू हुन भएर बाँच्न पाएकोमा आफूहरू सम्मानित वा अहोभाग्य भएको ठान्दछन्।

परमेश्वरको व्यवस्थामा नचल्ने इसाईहरू नै किन नहुन तिनीहरूसँग सच्चा येशूभक्तहरू तालमेल गरेर चल्न सक्दैनन्। ती इसाईहरू परमेश्वरका आज्ञाहरूलाई उल्लङ्घन गरेर चल्ने निर्णय गरेका हुन्छन्। तिनीहरू रिस, आक्रोस, तितोपना र अरूहरूको निन्दा गर्दछन्। बाइबलले स्पष्ट रूपमा सिकाएका अर्ती र शिक्षालाई तिनीहरूले सरासर अस्वीकार गर्दछन्। सत्य र असत्यलाई छुट्याउने हामीलाई बाइबलमा यस्तो मापदण्ड दिइएको छः "व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने

तिनीहरूसित बिहानको मिरमिरे उज्यालो पनि छैन (वा आत्मज्ञानको ज्योति छैन)" यशैया ८:२०।– *द साइन्स अभ द टाइम्स,* फेब्रूअरी २६, १८८५।

## कसको शिक्षा वा आवाजलाई मैले विश्वास गर्ने वा भरोसा राख्ने त?

हाम्रो जीवनको अङ्कुस ख्रीष्टमा अड्काउनु आवश्यक छ। हामी सेभेन्थ-डे एडभेन्टिस्टको शिक्षा दीक्षालाई सिकेर हाम्रो विश्वास तथा आस्थालाई प्रभुमा जग बसाल्नु आवश्यक छ। उसका विभिन्न माध्यमहरूद्वारा सैतानले काम गर्दछ। जीवित पानीबाट नपिरहेका वा बाइबलमा आशक्त भएर अध्ययन नगरेका मानिसहरूलाई उसले आफ्नो काबुमा राख्दछ। ती मानिसहरू कुनै नयाँ, अनौठो र बाइबलमा अपरिचित शिक्षाका निम्ति भोकाएका र तिर्खाएका हुन्छन्। बाइबललाई प्रेम नगर्नेहरूले कुनै पनि बाह्य आवाजको मूलबाट पिउन तयार भइरहेको हुन्छ। "यहाँ ख्रीष्ट छ, त्यहाँ मसीह वा उद्धारक छ (वा भगवान छ)" भन्ने आवाजहरू तिनीहरूले जताततैबाट सुनिरहेको हुन्छ। तर ती आवाजहरूलाई हामीले कहिल्यै पनि विश्वास गर्नुहुन्न। सत्य गोठालो वा येशूको आवाजमा केही गल्ती नभएको प्रमाण हामीमा छ। उहाँले हामीलाई उहाँका पछि मात्र लाग्न आह्वान गरिरहनुभएको छ। उहाँले भन्नुभएको छ, "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्।" यूहन्ना १५:९-११। उहाँले उहाँका भेडा वा भक्तहरूलाई नम्रपूर्वक परमेश्वरको दश आज्ञालाई शिरोपर गर्न अगुवाइ गर्नुहुन्छ। दश आज्ञालाई बेवास्ता गर्न वा उल्लङ्घन गर्न उहाँले तिनीहरूलाई कहिल्यै पनि उत्साहित गर्नुहुन्न।

अपरिचित वा परमेश्वरबाट हामीलाई टाढा राख्ने आवाजले परमेश्वरको दश आज्ञा प्रति कहिल्यै पनि श्रद्धा राख्दैन न त त्यसलाई मान्न तयार हुन्छ। दश आज्ञा पवित्र, न्यायी र असल छ भन्ने वचन तिनीहरूले सुन्न पनि चाहँदैन। कतिपय इसाईहरूले आफूहरू धर्मी छौं, पवित्र छौं, शुद्ध छौं भनेर देखावटी दावी गर्छन्। त्यति मात्र होइन तिनीहरूले बिरामीहरूलाई निको पारेको जस्ता अचम्मका कामहरू पनि गर्दछन्। तर तिनीहरूले धार्मिकताको आदर्श नीति वा दश आज्ञालाई बेवास्ता गरिरहेका हुन्छन् वा त्यस प्रति आँखा

चिम्लिरहेका हुन्छन्। परमेश्वरको आज्ञा नमान्ने वा उहाँले निर्धारण गर्नुभएको आचरण नमान्ने इसाईहरू नै किन नहून् तिनीहरू कसको शक्तिले ती कामहरू गरिरहेका छन् त? तिनीहरूले व्यवस्थालाई मिचेर चलिरहेका छन् भनेर महसुस गर्न कसैको आँखा खोलेको छ त? हाम्रो धार्मिक आचरणका निम्ति परमेश्वरले दिनुभएका दश आज्ञा वा आचरसंहिताका आवश्यकताहरूलाई मान्न वा त्यस अनुसार चल्न के तिनीहरू नम्र भएर आज्ञाकारी बालकहरू जस्तै भएर चल्न तयार छन् त?

वास्तवमा कोही पनि धोखामा पर्नु आवश्यक छैन। परमेश्वरको सिंहासन जस्तै उहाँको व्यवस्था वा दश आज्ञा पवित्र र शुद्ध छ। यस संसारमा जन्मिने प्रत्येक मानव प्राणी त्यही दश आज्ञाको आदर्श अनुसार न्याय गरिनेछ। मानिसको चरित्र, धर्मपरायणता, मिजासलाई जाँच्ने अरू कुनै पनि मानक छैन। "यदि कसैले वचन अनुसार बोलेन भने त्यसमा आत्मिक ज्ञान वा ज्योति नभएको प्रमाणित गर्दछ।" त्यसकारण, मानिसका गतिविधिहरूलाई परमेश्वरको वचनबाट जाँच्ने कि मानिसका अनेकौं कठित क्रियाकलापहरूबाट जाँच्ने? येशूले हामीलाई यस्तो अर्ती दिनुभएको छ, "*तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौं।* के काँडाका बोटबाट अङ्गुर अथवा सिउँड़ीबाट अञ्जीर टिपिन्छ र? त्यसै गरी हरेक असल रूखले असल फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ। असल रूखले खराब फल फलाउन सक्दैन, न त खराब रूखले असल फल फलाउन सक्दछ। असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ।" मत्ती ७:१६-१९- *सेलेक्टेड मेसेजेज्,* २:५०।